दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २६१ | बुटवल | २०८३ असोज २१ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday October 07, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## दसैं टीकाको उत्तम साइत कात्तिक ४ गते बिहान १०:२६ बजे

बटवल । यस वर्षको दसैंको टीकाको उत्तम साइत कात्तिक ४ गते बिहान १०:२६ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। विजया दशमीका दिन बिहान ८:४९ बजे देवी विसर्जनको साइत छ। टीका लगाउँदा लगाइमाग्ने पश्चिम दिशा फर्किनुपर्ने जनाइएको छ।

असोज २५ गते आइतबार नवरात्रारम्भ तथा घटस्थापना हुनेछ । घटस्थापनाको शुभसाइत बिहान ११:४७ बजे रहेको छ। उक्त दिन चित्रा नक्षत्र र वैधृति योगसमेत परेकोले घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्रसम्मत देखिएको छ।

असोज २६ गते सोमबार बिहान १०:०७ बजे झण्डा फेर्ने शुभसाइत रहेको छ। झण्डा पश्चिम मोहडा फर्काएर फेर्नुपर्ने जनाइएको छ।

असोज २९ गते बिहीबार श्रीपचलीभैरव यात्रा हुनेछ। असोज ३१ गते शनिबार फूलपाती परेको छ । सो दिन श्री तुलजाभवानी यात्राको शुभसाइत बिहान ७:३७ बजे र स्थिरासनको शुभसाइत बिहान १०:३९ बजे रहेको छ।कार्तिक १ गते आइतबार महाष्टमी तथा कालरात्रि मनाइनेछ भने कार्तिक ३ गते मंगलबार महानवमी परेको छ।

कार्तिक ४ गते बुधबार विजया दशमी, देवी विसर्जन तथा टीका लगाउने दिन रहेको छ। देवी विसर्जनको शुभसाइत बिहान ८:४९ बजे रहेको छ। टीका लगाउने शुभसाइत बिहान १०:२६ बजे रहेको छ। टीका लगाउँदा पश्चिम मोहडा फर्किनुपर्ने र टीका लगाइमाग्ने व्यक्ति पनि पश्चिम फर्किनुपर्ने जनाइएको छ। सोही दिन श्री तुलजाभवानी यात्राको शुभसाइत बिहान १०:५१ बजे रहेको छ । स्थिरासनको शुभसाइत दिवा ११:५२ बजे तथा खड्गयात्रा पनि सोही दिन हुनेछ। कार्तिक ८ गते आइतबार अखिलबलिपूर्ति तथा कोजाग्रत पूजा हुनेछ।

## तानसेनमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुँदै



**कृष्ण पोखरेल**
*पाल्पा*

अमूल्य सम्पदा, ऐतिहासिक पहिचान र स्थानीय संस्कृतिलाई सिनेमाको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ पाल्पाको सदरमुकाम तानसेनमा 'लुम्बिनी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०८३ तयारी अन्तिम चरणमा पुगेको छ। दर्शकहरुले चलचित्र महोत्सवमा प्रदर्शन हुने जुनसुकै चलचित्रहरु निःशुल्करुपमा हेर्न पाउने छन्।

तानसेन नगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा, कथा मण्डला, काठमाडौं तथा सञ्चार मञ्च पाल्पाको संयुक्त आयोजनामा यही असोज २२ देखि २४ गतेसम्म महोत्सव सञ्चालन हुनेछ। महोत्सव तानसेनको सन्तोष चलचित्र मन्दिरमा गरिने छ । बुद्ध जन्मस्थल लुम्बिनीका ऐतिहासिक एवं पर्यटकीय क्षेत्रसँगै, लुम्बिनी प्रदेशका विविध किसिमका कला संस्कृति, भेषभुषा, रहन सहन, जातिगत पहिचान, खानपान, रहन सहन, खानपानलगायतका विविध विषयबस्तुमा विश्वस्तरका चलचित्रहरु महोत्सवमा देखाइने महोत्सवका संयोजक कथा मण्डलाका संयोजक पाण्डव खत्रीले जानकारी दिए।

सांस्कृतिक रूपमा समृद्ध तानसेनको भाषा, कला र सम्भावनालाई विश्वसामु उजागर गर्न यो महोत्सव आयोजना गर्न लागिएको, स्थानीयस्तरमा आफूहरुको पूर्ण सहयोग रहेको पाल्पा सञ्चार मञ्चका अध्यक्ष माधव अर्यालले बताए। महोत्सव केवल चलचित्र प्रदर्शन मात्र नभई, लुम्बिनी प्रदेश १२ वटै जिल्ला र पाल्पाको मौलिक संस्कृति, खानपान, भेषभूषा र पर्यटकीय स्थलहरूमा आगामी दिनमा चलचित्र छायाङ्कनको वातावरण निर्माण गर्ने दीर्घकालीन लक्ष्य राखिएको आयोजक कथा मण्डलाले जनाएको छ। यो अभियानले समग्र पाल्पाको आर्थिक तथा सामाजिक विकासमा ठूलो टेवा पुऱ्याउने विश्वास आफूले लिएको पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले बताए।

महोत्सव अवधिभर नेपालसहित विश्वका विभिन्न देशका २६ वटा चलचित्र प्रदर्शन गरिनेछ । जसमा नेपाली फिचर कथानक चलचित्र, लघु कथानक चलचित्र, वृत्तचित्रका साथै अन्तर्राष्ट्रियस्तरका फिचर तथा लघु चलचित्रहरू समावेश छन् । चलचित्र छनोटमा सामाजिक महत्व, मौलिक कथा, सांस्कृतिक पक्ष र कलात्मक गुणस्तरलाई मुख्य प्राथमिकता दिइएको छ।

चलचित्र प्रदर्शनपछि दर्शक र सम्बन्धित चलचित्रका निर्देशक, निर्माता तथा कलाकारहरूबिच प्रत्यक्ष संवाद गराइने कार्यक्रम रहेको छ। यसले दर्शकलाई सिनेमा निर्माण प्रक्रिया, विषयवस्तु र सिर्जनात्मक पक्ष बुझ्न मद्दत पुग्नेछ। यसका साथै लुम्बिनी प्रदेशको कला, संस्कृति, पर्यटन र समृद्धिका विविध विषयमा क्षेत्रगत विशेषज्ञ, नीति निर्माता, स्थानीय तहका प्रतिनिधि र चलचित्रकर्मीहरूको सहभागितामा प्यानलगत छलफलहरू समेत सञ्चालन गरिने आयोजकले जनाएको छ।

महोत्सव सम्पन्न गर्न करिब २४ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । तीन दिनसम्म सञ्चालन हुने यस महोत्सवमा स्वदेशी तथा विदेशी गरी ५ हजारभन्दा बढी दर्शक, चलचित्रप्रेमी र पर्यटकको सहभागिता रहने अपेक्षा गरिएको तानसेन पर्यटन बोर्डका संयोजक एवं वडा नं. ६ का वडाध्यक्ष सागरमान महर्जनले बताए। महोत्सव सिङ्गो लुम्बिनी प्रदेशकै साझा साँस्कृतिक उत्सव भएकाले यसलाई भव्य रूपमा सम्पन्न गर्न प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, पर्यटन व्यवसायी, विभिन्न संघ-संस्था र सञ्चार माध्यमको सहयोग र सहकार्यमा सम्पन्न हुने अपेक्षा आयोजक पक्षले गरेको छ।

चलचित्र महोत्सवमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहित मन्त्रीहरु, चलचित्रका नायकहरु निर शाह, शर्मिला मल्ल, धिरेन शाक्यलगायतका विशिष्ट व्यक्तिहरुको सहभागिता रहने आयोजकले जनाएको छ। कार्यक्रम सञ्चारमञ्च पाल्पाका अध्यक्ष माधव अर्यालको अध्यक्षता र महासचिव रेखीराम रानाको सञ्चालनमा भएको थियो।

### कांग्रेस १५औं महाधिवेशन :

# सभापतिमा गगनसहित तीनजनाको उम्मेदवारी

नयाँ संरचनाअनुसार एक सभापति, एक वरिष्ठ उप-सभापति, चार उप-सभापति, तीन महामन्त्री र ११ सह-महामन्त्री निर्वाचित हुनेछन्।







**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयनका लागि मंगलबार उम्मेदवारी दर्ता प्रकृया सकिएको छ। निर्वाचन समितिले सुरुमा अपराह्न ४ बजेसम्मका लागि तोकेको मनोनयन दर्ताको समय दुई घण्टा थप गरेपछि साँझ ६ बजेसम्म उम्मेदवारी दर्ता भएको हो । निर्वाचन कार्यतालिकाअनुसार साँझ ७ बजे उम्मेदवारी दर्ताको व्यवस्था गरिएको थियो।

विवरणअनुसार कांग्रेस सभापति पदमा गगनकुमार थापा,किशोरसिंह राठौर र श्यामकृष्ण खड्गीले उम्मेदवारी दर्ता गरेका छन्।

उमेदवारी दर्तापछि सञ्चारकर्मीसँग कुरा गर्दै थापाले केन्द्रीय समितिमा संख्या थप्दा खुला प्रतिस्पर्धाबाट आउनेहरू धेरै हुने भएकाले दलित, मधेसीलगायत जातीय क्लस्टरहरूको उपस्थिति कम हुन सक्ने अवस्थालाई ध्यान दिइएको बताए।

विशेष महाधिवेशनबाट आएका र अन्य सबै नेताहरूलाई पार्टीमा समान अवसरको महसुस गराउन उपसभापति तथा महामन्त्रीको संख्यामा केही समायोजनको अभ्यास गरिएको उनले बताए।

खस-आर्य बाहेकका अन्य समुदाय तथा महिलाहरूको नेतृत्व तहमा पहुँच बढाउन सहमहामन्त्रीपछिको ब्लक फुकाउने प्रयास गरिएको उनको भनाइ छ। सबैलाई मिलाएर लैजाने र स्पेस बनाउने जिम्मेवारी आफ्नो भएको बताउँदै सबैजना पदाधिकारीमै भिड्नुपर्छ भन्ने नरहेको उल्लेख गरे।

थापाले यसपटकको विधानले प्रदेश र जिल्ला तहलाई पहिलेभन्दा धेरै अधिकार सम्पन्न बनाएकाले तल्ला तहमा पनि काम गर्ने ठूलो सम्भावना रहेको उल्लेख गरे।

पार्टीभित्रको चुनावमा जित-हारलाई स्वाभाविक रूपमा लिँदै हार्दिकता कायम राख्नुपर्ने थापाले बताए। यसपटक महामन्त्रीहरूको कार्यविभाजन विधानमै स्पष्ट छुट्याइएकाले केन्द्रीय समिति ठूलो भए पनि व्यवस्थित ढंगले अगाडि बढाउन सकिने उनको भनाइ छ

त्यस्तै, वरिष्ठ उपसभापति पदमा विश्वप्रकाश शर्मा निर्विरोध निर्वाचित भएका छन्। कांग्रेसको नयाँ विधानअनुसार वरिष्ठ उपसभापति पद पहिलोपटक बनाइएको हो।

चार जना निर्वाचित हुने उपसभापति पदमा विनोद चौधरी, फरमुल्लाह मन्सुर, जीवन परियार, पुष्पा भुसाल, डा. चन्द्रमोहन यादव, सुरेन्द्र पाण्डे, डा. मीनेन्द्र रिजाल, गोविन्द भट्टराई, देवराज चालिसे, मधुप्रसाद आचार्य, धनराज गुरुङ र दीपक गिरी, सीता गुरुङ र रन्जित कर्णले उम्मेदवारी दिएका हुन्। महिला उपसभापतिमा भुसाल निर्विरोध निर्वाचित भएकी छन्।

उम्मेदवारहरूको समूहगत विवरणमा विनोद चौधरी, फरमुल्लाह मन्सुर र जीवन परियार समावेशीतर्फ, पुष्पा भुसाल महिलातर्फ तथा डा. चन्द्रमोहन यादव, सुरेन्द्र पाण्डे, डा. मीनेन्द्र रिजाल, गोविन्द भट्टराई, देवराज चालिसे, मधुप्रसाद आचार्य, धनराज गुरुङ र दीपक गिरी खुलातर्फबाट प्रतिस्पर्धामा छन्।

महामन्त्रीका तीन पदका लागि महिलातर्फ डिला संग्रौला, रिता खनाल र महालक्ष्मी उपाध्याय 'डिना'ले उम्मेदवारी दिएका छन्। खुलातर्फ शंकर तिवारी, सुनिल शर्मा, नैनसिंह महर, प्रदीप पौडेल, गुरुराज घिमिरे, अमरसिंह पुन,उदयशमशेर राणा, डा. सन्तोष उपाध्यायले उम्मेदवारी दर्ता गरेका छन् । सहमहामन्त्रीतर्फ पनि विभिन्न समावेशी समूहबाट डेढ दर्जन बढीको उम्मेदवारी परेको छ । महिलातर्फ प्रतिमा गौतमले उम्मेदवारी दिएकी छन्। खुलातर्फ देवेन्द्रराज कँडेल, रामहरि खतिवडा र डिल्लीराम सुवेदी प्रतिस्पर्धामा छन्। पिछडिएको क्षेत्रबाट जीवनबहादुर शाही र मीन भामले उम्मेदवारी दिएका छन्।

त्यस्तै, खस-आर्य समूहबाट मनोजमणि आचार्य, अजयबाबु शिवाकोटी र जगदिश्वरनरसिंह केसीले उम्मेदवारी दिएका छन् । आदिवासी जनजातितर्फ बहादुरसिंह लामा, थारूतर्फ तेजुलाल चौधरी, अल्पसंख्यकतर्फ आङ्गेलु शेर्पा, मुस्लिमतर्फ अब्दुल सत्तार तथा मधेशीतर्फ अभिषेकप्रताप शाहले उम्मेदवारी दर्ता गरेका छन्।

१५औं महाधिवेशनबाट कांग्रेसको केन्द्रीय कार्यसमिति २९७ सदस्यीय हुने व्यवस्था गरिएको छ । नयाँ संरचनाअनुसार एक सभापति, एक वरिष्ठ उपसभापति, चार उपसभापति, तीन महामन्त्री र ११ सहमहामन्त्री निर्वाचित हुनेछन् । पदाधिकारीको संरचना विस्तार भएसँगै यसपटकको महाधिवेशनमा नेतृत्वका विभिन्न पदमा बहुपक्षीय प्रतिस्पर्धा देखिएको छ।

कांग्रेसले यसपटक ७ हजार ११४ महाधिवेशन प्रतिनिधिमार्फत नयाँ नेतृत्व चयन गर्दैछ । उम्मेदवारी दर्ता सकिएपछि अब दाबी-विरोध र उम्मेदवारी फिर्ताको प्रक्रिया अघि बढ्नेछ। निर्वाचन कार्यतालिकाअनुसार असोज २१ गते उम्मेदवारी फिर्ता तथा अन्तिम उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

त्यसपछि असोज २२ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुने निर्वाचन समितिको कार्यतालिका छ। त्यसैले मंगलबार साँझसम्म दर्ता भएको उम्मेदवारी अन्तिम सूची भने होइन। उम्मेदवारी फिर्ता, दाबी-विरोध तथा निर्वाचन समितिको अन्तिम निर्णयपछि मात्रै सभापतिदेखि सहमहामन्त्रीसम्म प्रतिस्पर्धामा रहने उम्मेदवारको अन्तिम टुंगो लाग्नेछ।

## एमालेमा ओलीको आलोचना गर्न प्रतिबन्ध, गरे कारबाही




बुटवल । नेकपा एमालेले नेतृत्वको आलोचना गरे कडा अनुशासनको कारबाही गर्ने भएको छ । यही असोज ८ गते सम्पन्न तेस्रो केन्द्रीय कमिटी बैठकको निर्णय अनुसार अबदेखि यो पार्टीका नेता कार्यकर्ताहरुले पार्टी नीति, निर्णय र नेतृत्वमाथि प्रश्न गरे सिधै कारबाहीको भागीदार बन्नुपर्ने निर्देशनसहितको अपानि पार्टी पङ्क्तिलाई पठाइएको छ। जबकि, कम्युनिस्ट पार्टीमा आलोचना र फरक मतलाई सम्पत्तिका रूपमा लिने गरिन्छ। अध्यक्ष केपी शर्मा ओलीले हस्ताक्षर गरेर असोज १८ गते पार्टी पङ्क्तिलाई पठाएको अन्तरपार्टी निर्देशनमा पार्टीका कुनै पनि विषयमा सार्वजनिक रूपमा प्रश्न, आलोचना गरे कारबाहीको विषय बनाउन भनिएको छ।

एमालेले पार्टीमा हुर्किँदै गएको स्वेच्छाचारिता, अराजकता र अनुशासनहीनता अन्त्य गरी एकताबद्ध र सुदृढ पार्टी निर्माण गर्न यस्तो निर्णय गर्नुपरेको जनाएको छ।

'पार्टीको नीति, निर्णय र नेतृत्वको विरुद्ध सार्वजनिक रूपमा आलोचना वा विरोध गर्ने, स्वेच्छाचारी, अराजक वा अनुशासनहीन क्रियाकलाप गर्ने वा गुटबन्दी गर्ने प्रवृत्तिमा पूर्णरुपमा रोक लगाउने र पार्टीमा अनुशासन पुनर्स्थापित गर्ने', अध्यक्ष ओलीले जारी गरेको अपानिमा भनिएको छ-'आजसम्म जो-जसले जे-जे बोल्नुभयो वा जेसुकै गर्नुभयो, आजसम्मको छोडिदिने । केन्द्रीय कमिटीको चालू बैठकलाई कटअफ बैठक मान्ने।'

यसअघि एमालेमा पार्टी पुनर्गठनको विषयलाई लिएर नेता कार्यकर्ताहरूले दिएको अभिव्यक्तिलाई आधार बनाएर एमालेले यस्तो निर्देशन दिएको हो। पार्टी पुनर्गठनबारे बहस चल्दै गर्दा अध्यक्ष ओलीकै कारण पार्टी कमजोर बनेको तथा गत निर्वाचनमा समेत लज्जास्पद हार बेहोर्नुपरेको नेता कार्यकर्ताहरूले बताउँदै आएका थिए।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत
देविराम अर्याल
अध्यक्ष
मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,अर्खवाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# चाडपर्व लक्षित सुरक्षा योजना

नेपालीको ठूलो पर्व दसैं आइरहेको छ। घटस्थापनादेखि चाड मान्न घर फर्कनेको लर्को लाग्छ। बहुसंख्यक नेपाली हिन्दु धर्म संस्कृति मान्ने भएकाले यो पर्व राष्ट्रिय पर्वको रुपमा स्थापित भएको छ। अध्ययन, रोजगारी र व्यवसायका लागि घर छाडेकाहरु पर्व मनाउन घर फर्कन्छन्। पारिवारिक मिलन र सामाजिक सद्भाव बढाउने पर्वको रूपमा दसैंलाई मानिन्छ।

एकैपल्ट गाउँमा जनसंख्याको चाप हुन्छ। त्यसैगरी, दसैंमा घर फर्कनेहरु र दसैं सकिएपछि शहर फर्कनेहरुको चापले यातायात आवागमनको चाप हुन्छ। यो बेला आपसमा झैझगडाका साथै अन्य सुरक्षा जोखिम उच्च हुन्छ। बसेको घर छाडेर दसैं मनाउन गाउँ जाँदा चोरीको समस्या बढ्न सक्छ। यातायातका साधन आवागमनको चापले दुर्घटना बढ्न सक्छ। यही बेला हो, प्रहरीको आवश्यकता र महत्व। प्रहरीको निगरानी र सर्तकताले चोरी डकैती रोकिन सक्छ। प्रहरी सर्तकताकै कारण राजमार्गमा यात्रा सुरक्षित हुनसक्छ। राजमार्ग लक्षित सुरक्षा योजना बनाएर प्रहरीले काम सुरु गर्दा यो वर्ष प्राकृतिक विपतलाई ख्याल गर्नुपर्छ। केही दिनअघि लामो झरी लागेको र अहिले पनि बेलाबखत वर्षा भएकाले त्यसले निम्त्याउने जोखिम व्यवस्थापन गर्न चनाखो हुनुपर्छ। हरेक वर्ष प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना बनाएर लागु गर्दै आएको छ। अहिले नेपाल प्रहरीको संख्या ८० हजार हाराहारीमा छ। यो जनशक्ति परिचालनले मात्रै सुरक्षा योजना कार्यान्वयन प्रभावकारी बनाउन चुनौतीपूर्ण छ। प्रहरीलाई समुदायको साथ र सहयोग आवश्यक पर्छ। समुदायप्रति प्रहरीको जति सकारात्मक भाव आवश्यक छ, प्रहरीप्रति नागरिकको सहयोग जरुरी छ। गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको हिंसा, तोडफोड र आगजनीपछि गिरेको प्रहरीको मनोबल उस्कन सकेको छैन। प्रहरीको गिरेको मनोबल उकास्न सक्दा मात्रै नागरिकको सुरक्षा प्रभावकारी हुनसक्छ। प्रहरीको गिरेको मनोबल उकास्ने काम सरकारको प्राथमिकतामा पर्नुपर्छ। त्यसैगरी, राजनैतिक दल र विभिन्न संघसंस्थाले पनि प्रहरीको मनोबल उकास्ने काम गर्न सक्छन्। जेलबाट भागेका १४ हजार कैदी बन्दीमध्ये अझै ८ हजार फर्केका छैनन्। कतिपय पुनः अपराधिक क्रियाकलापमा संलग्न भइसकेका छन्। ठूलो संख्यामा कैदी बन्दी भागेकाले समाजमा त्रास बढेको छ। भागेका कैदी बन्दी यही बेला अपराधिक क्रियाकलापमा संलग्न हुने जोखिम छ। प्रहरी निगरानीले मात्रै अपराधीको मनोबल कमजोर पार्न सम्भव छ।

चाडपर्वमा कतिपय प्रहरीले गर्ने कमजोरीका कारणसिंगो प्रहरी संगठन बदनाम हुने जोखिम छ। कतिपय प्रहरीका कमजोरीप्रति नजर अन्दाज गर्ने नभई विभागिय कारवाही हुनुपर्छ। ओभरलोड बोक्ने र सवारी साधनको क्षमता भन्दा बढी यात्रु बोक्नेलाई कानुनी कारबाही गर्नुको साटो आँखा चिम्लिएर छुट दिने प्रवृत्ति पनि छ। प्रहरीले आँखा चिम्लिएर मनपरी गर्न छुट दिँदा दुर्घटनाको जोखिम छ। चाडपर्वमा हुने दुर्घटना सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोकेकै कारणले धेरै भएका छन्। गाडीको गति नियन्त्रण नगर्ने, सवारी साधन चालकले चलाउनुको साटो सहचालकले चलाउने जस्ता प्रवृत्ति नियन्त्रण गर्न पनि प्रहरी कतिपय बेला चुकेको छ।

दसैं लक्षित सुरक्षा योजनालाई कार्यान्वयन गरी समाजमा सकारात्मक नतिजा दिनका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षा निकायको संयोजन महत्वपूर्ण छ। नागरिक-प्रहरी हातेमालोले पनि प्रहरीको भूमिका फराकिलो बनाउँछ।

# राजनीतिक व्यवस्था र आर्थिक असमानता



कमल अर्याल



राजनीतिक स्थायित्व र आर्थिक समृद्धि एकअर्कासँग जोडिएका विषय हुन्। बारम्बार हुने राजनीतिक परिवर्तन, नीति कार्यान्वयनमा कमजोरी, सीमित रोजगारी, उत्पादनशील क्षेत्रमा न्यून लगानी र युवाको वैदेशिक रोजगारीमा निर्भरता आर्थिक असमानता घटाउने प्रयासका प्रमुख चुनौती हुन्।

नेपालले लामो राजनीतिक यात्रा पार गरिसकेको छ। पञ्चायतदेखि बहुदलीय व्यवस्था, राजतन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा जनताले धेरैपटक राजनीतिक व्यवस्था परिवर्तन गरे। यी परिवर्तनले समाजमा केही न केही परिवर्तन ल्याएका पनि छन्। तर प्रश्न अझै बाँकी छ, व्यवस्था परिवर्तनसँगै आम नागरिकको जीवनमा कति परिवर्तन भयो, त्यो विषयले महत्तवपूर्ण स्थान राख्दछ।

हाम्रो आफ्नै भाषा, संस्कृति, परम्परा, मूल्य मान्यता र सामाजिक पहिचान छ। तर यति लामो इतिहास बोकेको देश आज पनि आर्थिक रूपमा कमजोर रहेको छ। धेरै नागरिकले बिहान के खाने, बेलुका के खाने भन्ने चिन्तामै जीवन बिताउनुपर्ने अवस्था रहनु दुःखद कुरा हो। राजनीतिक व्यवस्था जुनसुकै आए पनि समाजको एउटा वर्गले त्यसको लाभ लिँदै आएको देखिन्छ। पञ्चायतकालमा पनि राज्यका सुविधा र अवसर उपभोग गर्ने एउटा वर्ग थियो, बहुदलीय व्यवस्थामा पनि रह्यो र गणतन्त्रमा पनि आर्थिक तथा राजनीतिक पहुँच भएका मानिसहरू राज्यका अवसरमा अगाडि छन्। व्यवस्था फेरिए पनि आम नागरिकको आर्थिक अवस्था उस्तै रहनु मुख्य चुनौती हो।

नेपालमै यस्तो आर्थिक असमानता छ कि एउटा परिवारलाई आफ्ना बालबालिकाको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्न मुस्किल छ भने अर्को परिवार सामान्य घुमफिर वा उपचारका लागि विदेश जाने गर्छन्। सामान्यतया बाहिरबाट हेर्दा बलियो आर्थिक अवस्था नदेखिने मानिस। जसको बाह्य आयस्रोत कम देखिन्छ, तर उनीहरू विलासी जीवन बिताइरहेका छन्। त्यसको पछाडिको स्रोत राज्यले खोज्नु पर्ने हुन्छ। तर सबै धनी मानिसको सम्पत्तिलाई शंकाको दृष्टिले हेर्नुपर्छ भन्ने होइन। मुख्य कुरा राज्यले नागरिकको आर्थिक अवस्था र अवसरबीचको ठूलो अन्तर घटाउन सक्नुपर्छ।

गाउँघरमा आज पनि धेरै परिवार वर्षौंदेखि कृषि र श्रममै निर्भर छन्। उनीहरूको आम्दानी सीमित छ, तर शिक्षा, स्वास्थ्य, खाद्यान्न र दैनिक जीवनका खर्च बढिरहेका छन्। एउटा मजदुरले सात-आठ घण्टा काम गरेर पाँच-सात सय रुपैयाँ कमाउँछ, तर त्यही पैसाले दाल, चामल, तेल, ग्यास, बालबालिकाको पढाइ र स्वास्थ्य सबै धान्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा राज्यले नागरिकको आर्थिक अवस्थालाई हेरेर व्यवस्थामा केही फरक पन ल्याउनु पर्छ। उदाहरणका लागि, धनी र अत्यन्त विपन्न नागरिकले एउटै मूल्यमा ग्यास वा खाद्यान्न किन्नुपर्ने अहिलेको व्यवस्थाले विपन्न परिवारलाई बढी भार पारिरहेको छ। लक्षित वर्गका लागि छुट वा सहुलियतको व्यवस्था गर्न सक्नु पर्छ। राज्यको उद्देश्य सबैलाई समान व्यवहार गर्नु मात्र होइन, कमजोर नागरिकलाई समान अवसरमा पुग्न सक्ने बनाउनु पनि हो।

आरक्षणको विषयमा पनि नयाँ ढंगले सोच्न आवश्यक छ। सामाजिक र ऐतिहासिक रूपमा पछाडि परेका समुदायलाई राज्यले अवसर दिनुपर्छ। तर आरक्षणको आधारमा आर्थिक र सामाजिक अवस्थालाई पनि समेट्ने कि भन्ने विषयमा गम्भीर बहस आवश्यक छ। एउटै समुदायभित्र अत्यन्त सम्पन्न र अत्यन्त विपन्न मानिसको अवस्था फरक हुन्छ। त्यसैले समयअनुसार आरक्षण तथा समावेशी नीतिको पुनरावलोकन हुनु आवश्यक छ। हाम्रो विकास केवल आर्थिक विषय होइन। नेपालसँग आफ्नै इतिहास, संस्कृति, भाषा, धर्म, परम्परा र जीवनशैली छन्। व्यक्तिले आफ्नो धर्म र विश्वास रोज्ने स्वतन्त्रता पाउनुपर्छ।

तर राज्यले देशको ऐतिहासिक र सांस्कृतिक पहिचानको संरक्षण गर्न पनि उत्तिकै ध्यान दिनुपर्छ। संस्कृति हराउँदै गयो भने देशको इतिहास पनि विस्तारै खोक्रो हुँदै जान्छ। यसको अर्थ पुराना सबै चलन जोगाउनुपर्छ भन्ने होइन। समाजलाई हानि गर्ने अन्धविश्वास, कुरीति, विभेद र गलत परम्परा परिवर्तन हुनुपर्छ। तर समाजलाई जोड्ने, हाम्रो पहिचान देखाउने र पर्यटकलाई आकर्षित गर्ने राम्रा परम्परा तथा संस्कृतिको संरक्षण गर्नुपर्छ। आज सामाजिक सञ्जालमार्फत् विदेशी संस्कृति सजिलै फैलिरहेको छ। नयाँ कुरा सिक्नु नराम्रो होइन, तर आफ्नै भाषा, संस्कृति र मौलिकता बिर्सनुचाहिँ राम्रो पक्कै होइन।

नेपालले राजनीतिक परिवर्तनका लागि ठूलो मूल्य चुकाएको छ। धेरै नेपालीले आफ्नो जीवन बलिदान दिएका छन्। उनीहरूले कल्पना गरेको व्यवस्था भनेको केही व्यक्तिको जीवन सहज बनाउने व्यवस्था होइन, सबै नेपालीले सम्मानपूर्वक बाँच्न पाउने व्यवस्था हो। देशभित्रै रोजगारी पाउने, आफ्ना बालबालिकालाई राम्रो शिक्षा दिन सक्ने र सामान्य स्वास्थ्य उपचारका लागि घरखेत बेच्न नपर्ने अवस्था नै परिवर्तनको वास्तविक अर्थ हो।

नेपाल प्राकृतिक स्रोतसाधनले पनि सम्पन्न छ। खनिज तथा अन्य प्राकृतिक स्रोतहरू छन् भने तिनको वैज्ञानिक र वातावरणमैत्री उपयोग गर्नुपर्छ। स्रोत हुनु मात्र पर्याप्त हुँदैन, त्यसलाई सही ढंगले प्रयोग गरेर नागरिकको जीवनमा त्यसको लाभ पुर्याउन सक्नुपछ। संसारका कतिपय देशले आफ्ना प्राकृतिक स्रोतबाट प्राप्त आम्दानीलाई नागरिकको हितमा प्रयोग गरेका छन्। नेपालले पनि आफ्ना स्रोतसाधनको सम्भावनालाई अध्ययन गरेर उद्योग, कलकारखाना र रोजगारी सिर्जनासँग जोड्नुपर्छ।

अब खनिजको खोजी गर्ने, आवश्यक ठाउँमा उत्खनन गर्ने, प्रशोधन गर्ने, उद्योग चलाउने र सम्भावना भएका खनिज पदार्थको उत्खनन तथा निर्यात गर्न सक्नुपर्छ। सधैं पाठ्यपुस्तकमा यो ठाउँमा फलाम खानी छ, यो ठाउँमा सुन खानी छ, यो ठाउँमा पेट्रोलियम पदार्थ छ भनेर पढेर मात्र हुँदैन। ती प्राकृतिक स्रोतसाधनको उचित उत्खनन, उपयोग र व्यवस्थापन गर्न सकियो भने वर्तमान पुस्तासँगै भावी पुस्ताले पनि त्यसबाट पर्याप्त लाभ लिन सक्छन्। यसले राष्ट्रलाई समृद्धितर्फ अगाडि बढाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ। तर विकास गर्दा वातावरण र दिगो विकासलाई बिर्सनु हुँदैन।

आज स्रोतको उपयोग गर्दा भोलिको पुस्ताले त्यसको मूल्य चुकाउनुपर्ने अवस्था आउनु हुँदैन। यही कारण अहिलेको सरकारप्रति जनताको अपेक्षा धेरै छ। एउटा पुस्ताले लामो समयदेखि परिवर्तनको आशा बोकेको छ। यदि सरकारले सुशासन कायम गर्न सकेन, भ्रष्टाचार नियन्त्रण गर्न सकेन, नागरिक सेवा सहज बनाउन सकेन र महँगी तथा कालोबजारी नियन्त्रण गर्न सकेन भने जनतामा निराशा बढ्छ। सामान्य परिवारका लागि खाना पकाउने ग्याससमेत महँगो हुँदै जाने, तर राज्यका निकायमा अनियमितता र भ्रष्टाचार भइरहने अवस्था स्वीकार्य हुन सक्दैन। राज्यले कानुनको समान प्रयोग गर्नुपर्छ। नागरिकको हैसियतअनुसार कानुन फरक-फरक रूपमा लागू हुने अवस्था अन्त्य हुनुपर्छ। भ्रष्टाचार, कालोबजारी, अनियमितता र गैरकानुनी गतिविधिमाथि प्रभावकारी नियन्त्रण हुनुपर्छ। साथै, समयअनुसार विभेदपूर्ण वा व्यवहारमा असमानता सिर्जना गर्ने कानुनको पनि पुनरावलोकन आवश्यक छ।

नेपाली जनताले धेरैपटक व्यवस्था परिवर्तन गरे। अब फेरि व्यवस्था परिवर्तनको कुरा मात्र गरेर पुग्दैन। अब नागरिकको अवस्था परिवर्तन हुनुपर्छ। आम मानिसको आर्थिक अवस्था सुध्रिनुपर्छ, रोजगारी बढ्नुपर्छ, शिक्षा र स्वास्थ्य सहज हुनुपर्छ, राज्यका सेवा नागरिकको पहुँचमा पुग्नुपर्छ र देशका स्रोतसाधनको लाभ नागरिकले पाउनुपर्छ। जनताको सरकारसँगको अपेक्षा यही हो। देशको व्यवस्था जुनसुकै नामको भए पनि त्यसको अन्तिम परिणाम नागरिकको जीवनमा देखिनुपर्छ। व्यवस्था परिवर्तनको वास्तविक सफलता सत्ता परिवर्तनमा होइन, नागरिकको जीवन परिवर्तनमा मापन हुनुपर्छ।

नेपालले लामो राजनीतिक संक्रमणपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको छ। संविधानले बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र, सामाजिक न्याय, समावेशिता, समानता र जनसहभागितालाई राज्य सञ्चालनका आधार मानेको छ। संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासन संरचनाले अधिकार र स्रोतलाई तल्लो तहसम्म पुर्‍याउने उद्देश्य राखेको छ।

तर राजनीतिक परिवर्तनसँगै आर्थिक समानता भने अपेक्षित रूपमा स्थापित हुन सकेको छैन। नेपालमा गरिबी घटेको भए पनि आय, अवसर, रोजगारी, शिक्षा, स्वास्थ्य र उत्पादनका साधनमा असमानता कायम छ। विश्व बैंकका पछिल्ला अध्ययनले उपभोगमा आधारित असमानता तुलनात्मक रूपमा कम भए पनि आयमा आधारित असमानता उल्लेख्य रहेको देखाएका छन्। धनी र न्यून आय भएका समूहबीचको आम्दानीको अन्तर तथा प्रदेश र ग्रामीण-सहरी क्षेत्रमा अवसरको असमान पहुँच चुनौतीका रूपमा देखिन्छ।

राजनीतिक स्थायित्व र आर्थिक समृद्धि एकअर्कासँग जोडिएका विषय हुन्। बारम्बार हुने राजनीतिक परिवर्तन, नीति कार्यान्वयनमा कमजोरी, सीमित रोजगारी, उत्पादनशील क्षेत्रमा न्यून लगानी र युवाको वैदेशिक रोजगारीमा निर्भरता आर्थिक असमानता घटाउने प्रयासका प्रमुख चुनौती हुन्।

यसर्थ, नेपालको राजनीतिक व्यवस्थाको सफलता निर्वाचन र सरकार गठनमा मात्र होइन, नागरिकले समान अवसर, सम्मानजनक रोजगारी र सार्वजनिक सेवामा न्यायपूर्ण पहुँच पाउन सके-नसकेको आधारमा पनि मापन हुनुपर्छ। संघीयताको प्रभावकारी कार्यान्वयन, पारदर्शी शासन, उत्पादनमुखी अर्थतन्त्र, रोजगारी सिर्जना र स्रोत-साधनको न्यायोचित वितरणमार्फत राजनीतिक लोकतन्त्रलाई आर्थिक लोकतन्त्रसँग जोड्न सके मात्र समतामूलक र समृद्ध नेपालको आधार बलियो बन्न सक्छ।

तानसेन पाल्पा

# ११ अंक बढ्यो सेयर बजार, कारोबार घट्यो



काठमाडौं। मंगलबार सेयर बजार परिसूचक नेप्से ११.९६ अंक बढेको छ। सो वृद्धिपछि नेप्से २५७८ अंकमा कायम भएको छ।

कारोबार रकममा भने केही कमी आएको छ। अघिल्लो दिन ३ अर्ब २७ करोडको कारोबार भएकोमा ३ अर्ब १३ करोडको भयो। १६९ कम्पनीको मूल्य बढ्दा ९५ को घटेको छ। १५ कम्पनीको मूल्य स्थिर रह्यो। सबै समूहगत सूचकको उतारचढाव १ प्रतिशतभन्दा कम रह्यो। बैंकिङ ०.६५, विकास बैंक ०.५५, फाइनान्स ०.१५, होटल तथा पर्यटन ०.५३, जलविद्युत् ०.६२, लगानी ०.४३, जीवन बिमा ०.३५, उत्पादन तथा प्रशोधन ०.२७, अन्य ०.३९ तथा व्यापार ०.८२ प्रतिशत बढे। निर्जीवन बिमा ०.०६ प्रतिशत घट्यो। त्यस्तै माइक्रोफाइनान्स ०.१७ अंक घट्यो।

त्रिशूली जलविद्युत्को मूल्य ५.११, सालपका विकास बैंकको ३.७७, हाथवे इन्भेस्टमेन्टको ३.६५, बुटवल पावरको ३.५७ तथा लिबर्टी इनर्जीको मूल्य ३.५० प्रतिशत बढ्यो। सर्वोत्तम पेन्ट्सको ४.९४, चिरख्वा हाइड्रोपावरको ३.०० उन्नति सहकार्य लघुवित्तको २.८४ प्रतिशत मूल्य घट्यो।

धेरै कारोबार भएका कम्पनीमा घलेम्दी हाइड्रोपावर, लिबर्टी इनर्जी, हिमाल दोलखा हाइड्रोपावर, लक्ष्मी सनराइज बैंक तथा पिपुल्स हाइड्रोपावर क्रमशः अगाडि रहे।


# Madhyabindu Municipality
## Office Of the Municipal Executive
Chormara, Nawalparasi (East), Gandaki Province, Nepal

# Invitation for Bids

Date of publication: 2083-06-02 (18th Sept 2026)

1. Madhyabindu Municipality invites (Hard Copy) bids for eligible bidders for the following procurement under following bidding procedure.

| S. N. | Bid Notice No | Description of Work | Estimated Amount (without VAT but including PS) | Bid Security Fee | Bid Document Fee | Last Date for Purchageof Bid Document | Last Date for Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 06/SQ/MB/Goods/2083/84 | Procurement of Veterinary Medicines for Animal service Section | -------------- | 45,000 | 1000 | **2083/06/27 During office Time** | **2083/06/28 12:00 PM** | **2083/06/28 14:00 PM** |
| 2 | 08/NCB/MB/WORKS/2083/84 | Construction of Janata Siddha Amar Mavi School Building at Ward Number 4 | 6389722.51 | 1,50,000 | 3000 | **2083/07/10 During office Time** | **2083/07/11 12:00 PM** | **2083/07/11 14:00 PM** |

2. Eligible bidders can purchase the bidding document from Madhyabindu Municipality, Chormara, Nawalparasi (East) and may obtain further information by email or phone (madhyabindumunicipality@gmail.com, 9857048715).
3. Sealed Bids must be submitted to the office of Madhyabindu Municipality, Chormara, Nawalparasi (East) by hand/Courier on or before the deadline. Bids received after the deadline will be rejected.

**Bank Account Details**

| S.N. | Particulars | Details |
|---|---|---|
| 1 | Name of the Bank | Nepal Bank Limited,Chormara Branch |
| 2 | Account Name and Number For Bid Fee | Aantarik Rajaswa Khata, 31803000001001000001 |
| 3 | Account Name and Number for Bid Security | Dharauti Khtata, 31803000003001000001 |
| 4 | Rajaswa (revenue) Shirshak No. | 14229 |

**Chief Administrative Officer**

# ग्लोबल आइएमई बैंकको डिसिईओमा रेग्मी र एसीईओमा अकेला

बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डीसीईओ) पदमा दीपचन्द्र रेग्मी बढुवा भएका छन् ।

मंगलबार बसेको बैंक सञ्चालक समितिको बैठकको निर्णयानुसार उनलाई उक्त पदमा बढुवा गरिएको हो ।

नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत रेग्मी बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए ।

सन् २००७ मा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालबाट बैंकिङ करिअर सुरु गरेका रेग्मी सन् २००९ देखि ग्लोबल आइएमई बैंकमा आबद्ध छन् ।

उनले बैंकको प्रमुख वित्तीय अधिकृत (सीएफओ), प्रमुख मानव संसाधन अधिकृत (सीएचआरओ), प्रमुख कर्जा अधिकृत (सीएलओ) तथा ट्रेड फाइनान्स प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन् ।

उनी बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लिमिटेडको सञ्चालक समिति अध्यक्ष समेत रहेका छन् ।

रेग्मीले थाइल्याण्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी) तथा डेनमार्कको कोपेनहेगन बिजनेस स्कुलबाटबिजनेसएडमिनिस्ट्रेसनमा स्नातकोत्तर (एमबीए) उपाधि हासिल गरेका छन् ।

आधुनिक प्रविधि र उत्कृष्ट ग्राहक सेवाका कारण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधामा सम्मानित हुँदै आएको ग्लोबल आइएमई बैंकले 'बैंक अफ द इयर २०१४', 'बेष्ट इन्टरनेट बैंक २०१६', तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार 'बेष्ट बैंक नेपाल' को उपाधि प्राप्त गरिसकेको छ । यस्तै बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित पुरस्कारहरू समेत प्राप्त गरेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सबै ७७ जिल्लामा आफ्नो सञ्जाल विस्तार गर्न सफल पहिलो निजी क्षेत्रको वाणिज्य बैंक हो । बैंकले हाल ३४१ शाखा, ३६६ एटीएम, १४७ शाखारहित बैंकिङ केन्द्र, ६९ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र तीन वटा विदेशस्थित प्रतिनिधि कार्यालयसहित एक हजारभन्दा बढी सेवा केन्द्रमार्फत् सेवा प्रदान गर्दै आइरहेको छ ।

---

**एमालेमा** ...

उपाध्यक्ष रामबहादुर थापा 'बादल' नेतृत्वको पार्टी पुनः गठन कार्यदलले सातै प्रदेशमा पुगेर गरेको छलफल र तयार पारेको प्रतिवेदनमै ओलीलाई नेतृत्वबाट हटाउनु पर्ने सुझाव समेटिएको थियो । 'अब उप्रान्त कसैले पार्टीको नीति, निर्णय र नेतृत्वको विरुद्धमा सार्वजनिक रूपमा आलोचना, विरोध, निन्दा, अपमान गरेमा वा गुटबन्दी गरेमा वा अराजक तथा अनुशासनहीन क्रियाकलाप गरेमा स्पष्टीकरण सोध्ने र कारबाही गर्ने ।'- अध्यक्ष ओलीले अपानिमार्फत् पार्टी कमिटीलाई भनेका छन् । एमालेले अब पुस्तान्तरणलाई घोषणामा नभएर प्रणालीमै बदल्ने दाबी समेत गरेको छ ।

महिला नेतृत्वको प्रश्न पनि यहीसँग जोडिएको भन्दै एमालेले आधा समाजलाई प्रतिकात्मक प्रतिनिधित्व दिएर पार्टी आधुनिक नबन्ने व्याख्या गरेको छ ।

